# बेलका नगरपालिका उदयपुर
# राष्ट्रिय परिचय पत्र तथा पंजिकरणविभाग




# कार्य सम्पादन प्रतिवेदन

## आ.व.२०७७/०७८

### पंजिकरण शाखा
### बेलका नगरपालिका रामपुर,
### उदयपुर

विषयसूची


१. परिचय ....................................................................................... १

२. कार्यक्रमको उधेश्य ....................................................................................... १

३. आयोजना अन्तर्गत सञ्चालन गरिएका कृयाकलापहरु....................................................................................... २

४. अनुगमन तथा मुल्याङ्कन....................................................................................... ५

५. कार्यक्रम अन्तर्गत संञ्चालित बैठकहरु ....................................................................................... ५

६. कार्यक्रमका समग्र उपलब्धिहरु....................................................................................... ५

७. कार्यक्रम सञ्चालनमा आईपरेका समग्र समस्याहरुः-....................................................................................... ११

८. कार्यक्रमका चुनौतिहरुः-....................................................................................... ११

९. वित्तीय प्रगति विवरण....................................................................................... ११

१०. निष्कर्षः- ....................................................................................... १२

**१. परिचय**

जन्म,मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन २०३३ तथा त्यसको कार्यान्वयनको लागि बनेको नियमावली,२०३४ को प्रावधान बमोजिम जन्म,मृत्यु,विबाह,बसाइसराई,सम्बन्ध विच्छेद गरी पाँच प्रकारका घटना दर्ता गराउनु पर्ने प्रावधान छ । गाँउपालिका/नगरपालिकाको वडा स्तरमा स्थानीय पंजिकाधिकारीको कार्यालय स्थापना गरी व्यक्तिगत घटना दर्ता हुँदै आएको सन्दर्भमा नेपाल सरकारले गरेको अन्तराष्ट्रिय प्रतिवद्धता अनुसार सन् २०२४ सम्ममा सबै प्रकारका व्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पुर्याउने लक्ष्य लिएको छ। २०६८ को जनगणना अनुसार नेपालमा ६४ प्रतिशत घटना मात्र समयमा दर्ता हुने गरेका छन् । दर्ता भएका घटनाको विश्लेषणबाट शासन सञ्चालन तथा विकाश व्यबस्थापनको लागि आवश्यक तथ्याङ्कीय विवरणहरु उपलब्ध गराउने संस्थागत व्यवस्था कायम गर्न थप काम गर्नुपर्ने आवश्यक देखिन्छ। आर्थिक बर्ष २०७३/७४ मा बाईस लाख भन्दा बढी लाभग्राहीलाई राज्यद्वारा उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्ता लाभग्राहिको संख्या बढेसँगै यथार्थपरक ढंगले तोकिएको समयमा सहज तरिकाले वितरण गर्ने गरी सामाजिक सुरक्षा भत्ता व्यबस्थापन सम्बन्धी कार्यलाई सुदृढीकरण गर्न आवश्यक देखिएको छ। यस पृष्ठभुमीमा राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको दीर्घकालिन योजना समेतको आधारमा नेपाल सरकार र विश्व बैंक बीच भएको सम्झौता अनुसार सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना प्रभावकारी रुपमा सञ्चालानार्थ रहेको छ।

यस आयोजना अन्तर्गत राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागले ७५३ पालिकामा नै सेवा इकाई स्थापना गराउको लागी सेवा इकाईका लागि जनशक्ति छनौट सम्बन्धि मापदण्ड २०७६ को परिच्छेद ३ मा रहेर यस बेलका नगरपालिकाको सेवा इकाईको लागी २ जना एम.आई.एस अपरेटर र १ फिल्ड साहायक गरि जम्मा ३ जना कर्मचारी मिति २०७६ साल मंसिर १ गते देखि नियुक्ति गरि घटना दर्ता तथा सामाजिक सुरक्षामा नबिन परिबर्तनका लागी कार्य भार सुम्पिएको थियो।

**२. कार्यक्रमको उधेश्य**

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोना उधेश्यहरु तपशिल बमोजिम रहेका छनः

क) आयोजनाको मूल उधेश्य सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ताको विस्तार गर्ने र सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीमा सुधार ल्याउने रहेको छ।

ख) सामाजिक सुरक्षा भत्ता वितरणमा सहजता ल्याउन।

ग) ब्यक्तिगत घटना दर्ता (Online System) प्रणालीलाई निरन्तर रुपमा चलिरहने ब्यवस्था मिलाउन।

घ) स्थानीय तहमा आउने सामाजिक सुरक्षा लाभग्राहीको गुनासो सम्बोधन गर्न।

ङ) बैंकीङ्ग प्रणाली मार्फत निरन्तर रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने ब्यवस्था मिलाउन।

च) विभिन्न किसिमका ब्यक्तिगत घटना दर्ता किताबलाई डिजिटाइजेशन गर्न।

छ) नेपाल सरकारको अनरतष्ट्रिय प्रतिबद्धता अनुसार सन 2024 सम्ममा ब्यक्तिगत घटना दर्ता लाई शुन्यमा झार्न तथा ब्यक्तिगत घटना दर्ता सुनिश्चित गर्न ब्यक्तिगत घटना दर्ता शिविर र पूरक दर्ता शिविर सञ्चालन गर्ने ब्यवस्था मिलाउन।

### ३. आयोजना अन्तर्गत सञ्चालन गरिएका कृयाकलापहरु

१. विधुतियमाध्यमबाटवडाहरुमाघटना दर्ता सुचारु गर्नका लागी एक थान डेक्सटपकम्प्यटर,प्रिन्टर,स्क्यानर,वाईफाई डङ्गोल वितरण।(१ देखी ९ वटा वडाहरु)
२. ब्यक्तिगत घटना दर्तालाई थप प्रभाबकारी,आधुनीक प्रबिधिमैत्री बनाउनाका लागीघटना दर्ताका पुराना अभिलेखहरुलाई डिजिटाईज गर्ने कार्य सञ्चालन गरिएको।
३. व्यक्तिगत घटना दर्ताको पहुँच विस्तार गर्न घटना दर्ता सम्बन्धि तालिम,गोष्ठी,अन्तरकृया सञ्चालन।
४. ब्यक्तिगत घटना दर्ता गर्न,सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न छुटेका लाभग्राहीलाई समेट्न र लाभग्राहिहरुको पहुँच बढाउन “व्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा सम्बन्धी दर्ता शिविर” सञ्चालन गरिएको थियो।
५. आ.ब २०७७/२०७८ को दोश्रो चौमासिक सम्म नयाँ थप ७५ जना बिधवा ,२२ पूर्ण अपांग ,६३ अति अशक्त अपांग र ११३ जना बालबालिका VERSP-MIS मा प्रबिष्ट गरिएको।

**आयोजनामा कार्यरत जनशक्ति**

१.एम. आइ. एस. अपरेटर २ जना (अम्बिका निरौला र रबिन तामाङ)

२.फिल्ड सहायक १ जना (अमर शिवाकोटी)

## १ अभिमूखीकरण कार्यक्रम

बेलका नगरपालिकाका ९ वटै वडाका वडा सचिव र ९ वटै वडाका १ जना कम्प्युटर अपरेटरलाई १ दिवसीय व्यक्तिगत घटना दर्ता गर्नका लागि शिविर संचालन कसरी कहिले कहाँ गर्ने भन्ने सम्बन्धी अभिमूखीकरण कार्यक्रम मिति २०७७|१२।२४ गते बेलका नगरपालिकाको सबाहलमा सम्पन्न भएको थियो।



**व्यक्तिगत घटना दर्ता गर्नका लागि शिविर संचालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम-नगर सभाहल**

## १ शिबिर संचालन

बेलका नगरपालिकाका ९ वटै वडामा व्यक्तिगत घटना दर्ताका लागि शिबिर संचालन गरिएको थियो। मिति २०७७।१२।२५ देखि २०७७।१२।३१ गते सम्म संचालन भएको थियो।









ब्यक्तिगत घटना दर्ता शिविर क्रमशः वडा नं ९ र २

### २ व्यक्तिगत घटना अनलाईन दर्ता सम्बन्धी तालिम

व्यक्तिगत घटना अनलाईन दर्ता सम्बन्धी तालिम बेलका नगरपालकाम ९ वटै वडाका वडा सचिव र कम्प्युटर सहायकलाई मिति २०७८।२।२१ देखि २०७८।२।२३ सम्म संचालन गरिएको थियो।




**व्यक्तिगत घटना अनलाईन दर्ता सम्बन्धी तालिम- नगर सभाहल**

### २ अनुगमन तथा मुल्याङ्कन

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना अन्तर्गत सञ्चालन गरिएका वडा स्तरका कार्यक्रमहरु संचालनको क्रममा विच विचमा शाखा बाट अनुगमन गरेकोमा कार्यक्रमको अन्त्यमा नगरकार्यपालिकाको प्रमुख उपप्रमुख वडाध्यक्ष¸वडासदस्य, प्रमुख प्रशासकीय अधिकृत लगायत संचार क्षेत्र संग सम्बन्धीत विभिन्न पत्रकारहरुले संयुक्त रुपमा अनुगमन गरिएको थियो।

### ३ कार्यक्रम अन्तर्गत संञ्चालित बैठकहरु

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना अन्तर्गत यस बेलका नगरपालिकामा यस आयोजना अन्तर्गतको समिति नरहेता पनी आबश्यकता बमोजिम आ.व २०७७-०७८ मा जम्मा ४ बैठक सञ्चालन भएका छन। बैठकले बिधुतिय माध्यम द्वारा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता बितरण गर्ने गराउने सम्बन्धमा महत्वपुर्ण निर्णय लिएको थियो।

### ४ कार्यक्रमका समग्र उपलब्धिहरु

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना अन्तर्गत आ.व २०७७-०७८ मा सञ्चालन गरिएका कार्यक्रमहरुको मुख्य मुख्य उपलब्धिहरु निम्न बमोजिम रहेका छनः-

क) विधुतिय प्रणालि बाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न सुरु गरिएको।

ख) ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि दर्ता शिविर सञ्चालन गरिएको।

ग) व्यक्तिगत घटना दर्ता प्रणालिलाई प्रबिधिमैत्री बनाई बिधुतिय घटना दर्ता कार्यको सुरुवात गरिएको।

घ) घटना दर्ताका विभिन्न समस्याहरुलाई मध्यनजर गरि तालिम,गोष्ठि तथा अन्तरकृया कार्यक्रमहरु सञ्चालन गरिएको।

**हालसम्म भएकाकामहरु:-**

१ .२०७६ मंसिर, सेवा इकाई स्थापना

२. जना एम.आइ.एस. अपरेटर र १ जान फिल्ड सहायकको नियुक्ति

३ .२०७६ मंसिर, बेलका नगरपालिका, सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा अन्तर्गत रहेर कामकाज शुरु,

४ .बेलका नगरपालिका का ९ ओटा वडाहारुको सम्पूर्ण सामाजिक सुरक्षा भत्ता लाभग्राहीको तिन पुस्ते विवरण अद्यावधिक गरिएको।

५ .राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग बाट विभिन्न समयमा जारी भएका परिपत्र हरुको कार्यान्वयन गरिएको।

६ .सामाजिक सुरक्षा ऐन २०७५ तथा सामाजिक सुरक्षा नियमावली,२०७६ मा भएको परिवर्तित ब्यवस्था अनुरुप सामाजिक सुरक्षा लाभग्राहीको स्टिकर निकाल्ने र वडा कार्यालयहरुमा वितरण गरिएको।

७ . ऐन तथा कानून अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न अयोग्य तर लाभ ग्रहण गरिरहेका लाभग्राहीहरुको नियमित रुपमा ऐनबमोजिम लगत कट्टा गर्ने कार्य गरिरेको।


८ . सामाजिक सुरक्षा भत्ता चौमासिक रुपमा निकाशा गरिएको र चौमासिक तथा बार्षिक प्रगती प्रतिवेदन विभागमा पेश गरिएको।

**६.१ यस शाखाको तथ्याङ्कीय उपलब्धीहरु तपशील बमोजिम रहेका छन**

**बेलका नगरपालिकाको आ.व. २०७७।०७८ को पञ्जीकरणको तथ्याङ्कीय वितरण**

| वडा नं. | जन्म | | | | मृत्यु | | | | विवाह | बसाईं सराईं दर्ता संख्या | | | | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | जम्मा | महिला | पुरुष | अन्य | जम्मा | | आएको दर्ता संख्या | आएको सदस्य संख्या | गएको दर्ता संख्या | गएको सदस्य संख्या | |
| १ | ५४ | ४६ | - | १०० | १४ | २० | - | ३४ | ४३ | १४ | ३५ | ९ | २७ | ३ |
| २ | ६४ | ४९ | - | ११३ | ११ | २२ | - | ३३ | ३८ | १३७ | ३९६ | १३ | ८२ | ० |
| ३ | ५० | ५४ | - | १०४ | ११ | १९ | - | ३० | ६५ | ३१ | ८४ | १० | ३१ | ३ |
| ४ | ५५ | ५४ | - | १०९ | ७ | १४ | - | २१ | ४६ | १४ | ५३ | १२ | ३९ | ० |
| ५ | ८८ | ९१ | - | १७९ | १३ | २३ | - | ३६ | ४६ | ४३ | १६३ | २६ | ९९ | ४ |
| ६ | ४६ | ४६ | - | ९२ | ११ | २८ | - | ३९ | ४७ | ९ | ५० | १२ | ३४ | ३ |
| ७ | २८ | १६ | - | ४४ | १० | २१ | - | ३१ | ११ | ० | ० | ४ | ७ | ० |
| ८ | १२१ | ९८ | - | २१९ | ६ | २८ | - | ३४ | ८१ | १४ | ३४ | १० | २० | ० |
| ९ | ३८ | ३९ | - | ७७ | ५ | ११ | - | १६ | ३९ | २९ | ९९ | ९ | १९ | ० |
| **जम्मा** | **५४४** | **४९३** | **-** | **१०३७** | **८८** | **१८६** | **-** | **२७४** | **४१६** | **२४८** | **९१४** | **१०५** | **३५८** | **१३** |

**बेलका नगरपालिकाको आ.व. २०७७I०७८ को पञ्जीकरणको तत्थ्याङ्कीय वितरणलाई वृत चित्रमा यसरी प्रस्तुत गरिएको छः**




बेलका नगरपालिकाको आ.व. २०७७I०७८ को पहिलो चौमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको वडागत विवरण

| वडा नं. | जेष्ठ नागरिक भत्ता(७०बर्षमाथि) | | जेष्ठ नागरिक भत्ता (दलित) | | जेष्ठ नागरिक एकल महिला | | विधवा (आर्थिक सहायता) | | क बर्ग | | ख बर्ग (आर्थिक सहायता) | दलित बालबालिका | जम्मा | रकम | संख्या | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | | | |
| १ | २६५ | ३१६८००० | ४१ | ३२८००० | ५६ | ४४२००० | ७८ | ६०८००० | ७ | ८४००० | २१ | १३४४०० | ६१ | ८९११० | ५२९ | ४८५३५१० |
| २ | २९८ | ३४३६२३४ | २४ | १९२००० | ८७ | ६७५१९३ | ८८ | ६९०१३४ | २१ | २४९००० | ३१ | १९२००० | ४२ | ६३६७० | ५९१ | ५४९८२३१ |
| ३ | ३१६ | ३७२७३७६ | १२ | ९६००० | ५७ | ४४४०६३ | ७३ | ५८०००० | १५ | १६८०९४ | ४० | २५४१८६ | ४६ | ६९०२१ | ५५९ | ५३३८७४० |
| ४ | २७७ | ३३१०००० | ६२ | ४९६००० | ३२ | २४८००० | ४४ | ३४६००० | ४ | ४८००० | १७ | १०८८०० | १२० | १७३८४० | ५५६ | ४७३०६४० |
| ५ | ३५५ | ४२२६१८२ | ७० | ५५८००० | ६५ | ५१६००० | ८३ | ६३७८६७ | १७ | २०४००० | २६ | १६६४०० | ११७ | १६६४५० | ७३३ | ६४७४८९९ |

| वडा नं. | जेष्ठ नागरिक भत्ता(७०बर्षमाथि) | | जेष्ठ नागरिक भत्ता (दलित) | | जेष्ठ नागरिक एकल महिला | | विधवा (आर्थिक सहायता) | | क बर्ग | | ख बर्ग (आर्थिक सहायता) | दलित बालबालिका | जम्मा | रकम | संख्या | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | | | |
| ६ | १८५ | २२१७००० | १३ | १०४००० | ३२ | २५६००० | ५२ | ४१२००० | ८ | ९६००० | १७ | १०८८०० | ४८ | ७५३०६ | ३५५ | ३२६९१०६ |
| ७ | २५९ | ३१०२००० | ४ | ३२००० | ३० | २३६००० | ४१ | ३१८००० | ८ | ९०००० | ९ | ५७६०० | १५ | २२८२६ | ३६६ | ३८५८४२६ |
| ८ | २५१ | २९५०४७० | १० | ८०००० | ५५ | ४४०००० | ६४ | ५१२००० | १० | १२०००० | १४ | ८९६०० | २६ | ३९०३३ | ४३० | ४२३११०३ |
| ९ | २०५ | २४४४३०० | ३४ | २७२००० | ४० | ३२०००० | ६८ | ५३५८६७ | १० | १२०००० | १२ | ७५२०० | ८३ | १२९४२० | ४५२ | ३८९६७८७ |
| **जम्मा** | **२४११** | **२८५८१५६२** | **२७०** | **२१५८०००** | **४५४** | **३५७७२५६** | **५९१** | **४६३९८६८** | **१००** | **११७९०९४** | **१८७** | **११८६९८६** | **५५८** | **८२८६७६** | **४५७१** | **४२१५१४४२** |

## बेलका नगरपालिकाबाट २०७७।२०७८दोस्रो चौमासिकमासामाजिक सुरक्षा भत्ता प्राप्तगर्ने लाभग्रहिको वडागत विवरण

| वडा नं. | जेष्ठ नागरिक भत्ता(७०बर्षमाथि) | | जेष्ठ नागरिक भत्ता (दलित) | | जेष्ठ नागरिक एकल महिला | | विधवा (आर्थिक सहायता) | | क बर्ग | | ख बर्ग (आर्थिक सहायता) | | दलित बालबालिका | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | २७६ | ३२४६५०० | ४६ | ३६२००० | ५६ | ४४००६७ | ८२ | ६१२२६८ | ७ | ८४००० | २१ | १३४४०० | ६३ | ८७२६३ | ५५१ | ४९६६४९८ |
| २ | ३०८ | ३५६६००० | २७ | २०१३३४ | ९१ | ६७१३३५ | ९३ | ७०२६६८ | २१ | २५२००० | ३२ | १९८९३३ | ४० | ६२६७५ | ६१२ | ५६५४९४५ |
| ३ | ३३० | ३८९०३०० | १४ | १०४०६७ | ५५ | ४४०००० | ७९ | ६१२००० | १५ | १८०००० | ३९ | २४९६०० | ५७ | ८५०५३ | ५८९ | ५५६१०२० |
| ४ | २८६ | ३४१८००० | ६६ | ५२६००० | ३१ | २४८००० | ४९ | ३७८००० | ४ | ४८००० | १७ | १०८८०० | १२२ | १८१८१६ | ५७५ | ४९०८६१६ |
| ५ | ३८० | ४४३९२०० | ७९ | ६२४००० | ६६ | ५१८६०० | ८६ | ६७६६०० | १७ | २०४००० | २६ | १६६४०० | १२० | १८०१२१ | ७७४ | ६८०८९२१ |
| ६ | १९१ | २२८४६५५ | १५ | ११६००० | ३६ | २७६६६७ | ५७ | ४४६००० | ८ | ९६००० | १७ | १०८८०० | ५० | ७७३६८ | ३७४ | ३४०५४९० |
| ७ | २६६ | ३१८९००० | ४ | ३२००० | ३१ | २४२००० | ४२ | ३३४००० | ८ | ९६००० | ९ | ५७६०० | १४ | २१९२० | ३७४ | ३९७२५२० |
| ८ | २५८ | २९१८००० | १० | ८०००० | ५७ | ४४२००० | ७३ | ५५१३३४ | १० | १२०००० | १४ | ८९६०० | २५ | ३८९६६ | ४४७ | ४२३९९०० |
| ९ | २१५ | २५२१३१७ | ३७ | २९०००० | ४२ | ३३६००० | ६९ | ५५२००० | १० | १२०००० | १२ | ७६८०० | ९३ | १३३२९३ | ४७८ | ४०२९४१० |
| **जम्मा** | **२५१०** | **२९४७२९७२** | **२९८** | **२३३५४०१** | **४६५** | **३६१४६६९** | **६३०** | **४८६४८७०** | **१००** | **१२०००००** | **१८७** | **११९०९३३** | **५८४** | **८६८४७५** | **४७७४** | **४३५४७३२०** |

आ.ब २०७७|०७८ को तेस्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता अनुमानित बजेट प्रतिवेदन

| वडा नं. | जेष्ठ नागरिक भत्ता(७०बर्षमाथि) | | जेष्ठ नागरिक भत्ता (दलित) | | जेष्ठ नागरिक एकल महिला | | विधवा (आर्थिक सहायता) | | क बर्ग | | ख बर्ग (आर्थिक सहायता) | | दलित बालबालिका | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | २७१ | ३१९६००० | ४५ | ३६०००० | ५२ | ४०८००० | ७४ | ५९२००० | ७ | ८४००० | २६ | १६३२०० | ५६ | ८५७६८ | ५३१ | ४८८८९६८ |
| २ | ३१८ | ३७८२००० | २५ | २००००० | ८७ | ६९०००० | ८८ | ७००००० | २३ | २७६००० | ३३ | २११२०० | ३८ | ५८५१६ | ६१२ | ५९१७७१६ |
| ३ | ३३६ | ४००७६०० | ११ | ८८००० | ५६ | ४४६००० | ८० | ६४०००० | १५ | १८०००० | ३९ | २४९६०० | ५८ | ९०२७१ | ५९५ | ५७०१४७१ |
| ४ | २९३ | ३५०७००० | ६२ | ४९६००० | ३३ | २६४००० | ४५ | ३५८००० | ४ | ४८००० | १७ | १०८८०० | ११५ | १८१०१९ | ५६९ | ४९६२८१९ |
| ५ | ३९५ | ४६९७००० | ७९ | ६२८००० | ६६ | ५२८००० | ८२ | ६५६००० | १९ | २२८००० | ३१ | १९५२०० | ११८ | १८३३६९ | ७९० | ७११५५६९ |
| ६ | २०१ | २३९९००० | १३ | १०४००० | ३८ | ३००००० | ५२ | ४१६००० | ८ | ९६००० | १७ | १०८८०० | ५० | ७९६०० | ३७९ | ३५०३४०० |
| ७ | २६५ | ३१७८००० | ४ | ३२००० | २८ | २२४००० | ४० | ३२०००० | ८ | ९६००० | ८ | ५१२०० | १४ | १९७०३ | ३६७ | ३९२०९०३ |
| ८ | २४९ | २९५४००० | ९ | ७२००० | ५६ | ४४८००० | ६७ | ५३६००० | १० | १२०००० | १८ | ११०४०० | २४ | ३८४०० | ४३३ | ४२७८८०० |
| ९ | २२४ | २६४९८०६ | ३९ | ३०४००० | ४६ | ३६७८७१ | ६४ | ५१२००० | १० | १२०००० | १३ | ८३२०० | ९२ | १४२६१९ | ४८८ | ४१७९४९६ |
| **जम्मा** | **२५५२** | **३०३७०४०६** | **२८७** | **२२८४०००** | **४६२** | **३६७५८७१** | **५९२** | **४७३००००** | **१०४** | **१२४८०००** | **२०२** | **१२८१६००** | **५६५** | **८७९२६५** | **४७६४** | **४४४६९१४२** |

**५ कार्यक्रम सञ्चालनमा आईपरेका समग्र समस्याहरु:-**

विश्वव्यापी माहामारिको रुपमा फैलिएको कोरोना भाईरसको दोश्रो लहरको बिकराल अबस्थाले गर्दा तोकिएको समयमा निर्धारित कृयाकलापहरु सञ्चालन गर्न नसक्नु नै मुख्य समस्या रहेको थियो। त्यसका बाबजुत पनि कार्यक्रम सञ्चालन गर्नका लागी शशर्त अनुदान स्वरुप आएको बजेटको प्रत्येक चौमासिकमा बजेट फुकुवाईमा ढिलाई हुनु पनि कार्यक्रम सञ्चालनमा आईपरेका मुख्य समस्याको रुपमा रहेका छन् ।

**६ कार्यक्रमका चुनौतिहरु:-**

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना प्रभावकारि रुपमा सञ्चालन गर्नका लागी देहाय बोजिमका समस्याहरु देखा परेका छन:-

क) बिधुतिय प्रणालि बाट सुरु गरिएको सामाजिक सुरक्षा भत्ता बितरणलाई अझ ब्यबस्थित र केहि पक्षमा सुधार गरिनुपर्ने देखिएको छ ।अत बिधुतिय प्रणाली बाट भत्ता बितरण सम्भब नहुन सक्छ।

**७ वित्तीय प्रगति विवरण**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बेलका नगरपालिका | | | | | | |
| नगर कार्यपालिकाकोकार्यलय रामपुर, उदयपुर | | | | | | |
| कार्यालय कोडनं -११४०१ | | | | | | |
| कार्यक्रम परियोजनाअनुसार बजेट विनियोजन | | | | | | |
| आ. व. २०७७।०७८अवधि २०७७।०४।०१ देखि २०७७ चैत्र मसान्त सम्म | | | | | | |
| ...............(सम्बन्धित स्थानीय तहको बजेट उप शीर्षक नंउल्लेख गर्ने)संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) | | | | | | |
| **सि.नं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **श्रोत** | **विनियोजन वजेट** | **खर्च** | **खर्च %** | **मौज्दात** |
| १ | एम.आई.एस अपरेटर तथा फिल्ड सहायक तलव,चाडपर्व तथा पोषाक खर्च | IDA शोध भर्ना हुने ऋण | ११६३००० | ११६३००० | १०० | ० |
| २ | एम.आई.एस अपरेटर तथा फिल्ड सहायक यातायात खर्च | IDA शोध भर्ना हुने ऋण | १५०००० | १५०००० | १०० | ० |
| ३ | एम.आई.एस अपरेटर तथा फिल्ड सहायक सञ्चार खर्च | IDA शोध भर्ना हुने ऋण | ७००० | ६६०० | ९४.२९ | ४०० |
| **जम्मा** | | | **१३२००००** | **१३१९६००** | **९९.९६** | **४००** |
| ४ | घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालन | आइ.डि.ए. सोध भर्ना हुने ऋण | ९७४००० | ९७४००० | १०० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ब्यक्तिगत घटना दर्ताका दर्ता किताब डिजिटाईजेशनका लागी | आइ.डि.ए. सोध भर्ना हुने ऋण | ५२०००० | ४९७००० | ९५.५७ | २३००० |
| ६ | वडा कार्यालयहरुका लागी डेक्सटप कम्प्युटर,स्क्यानर,प्रिन्टर 4G wifiDangol | आइ.डि.ए. सोध भर्ना हुने ऋण | ९४५००० | ९४२६०० | ९९.४२ | २६०० |
| **कुल जम्मा** | | | **२४३९०००** | **२४१३६००** | **९८.९५** | **२५६००** |

## ८ निष्कर्षः-

बेलका नगरपालिका साविकका रामपुर ठोक्शिला, मैनामैनी, कटुञ्जे बबला र तपेश्वरी गा.वि.स मिलेर बनेको नगरपालिका हो । यस सेवा ईकाई स्थापना भईसकेपछि विभिन्न वडामा रहेको घट्ना दर्ता पुस्तकहरु सङ्कलन तथा कोड गरी विभागमा विवरण पेश गरीएको छ जसले हाल घटना दर्ता अनलाईन प्रणालीबाट सुरुवात गर्नको लागि ठूलो टेवा पुगेकोछ। फिल्ड सहायक तथा वडाका कर्मचारीको सहयोगमा प्रत्येक वडाका मासिक घटना दर्ता विवरण संकलन गरी अध्यावधिक गर्ने कार्य सुचारू भएको छ। हाल सम्पूर्ण वडाहरुबाट घट्ना दर्ता प्रणालीलाई बिधुतिय प्रणालीमा बिकाश गरि सञ्चालन गरिएको छ।साथै समाजिक सुरक्षा भत्ता समेत बैंकिङ प्रणालीबाट वितरण गरिरहेकोअवस्था छ। यस कार्यको लागी महत्वपुर्ण योगदान पुर्याउनुहुने नगर प्रमुख,उप-प्रमुख,प्र.प्र,अ,शा.अ ,शाखा कर्मचारी साथै सवै वडाका वडा सचिब ज्यु हुरुलाई हार्दिक धन्यवाद ब्यक्त गर्दछौं। साथै यस आर्थिक वर्षको दोस्रो चौमासिकबाट सामाजिक सुरक्षा भत्ता व्यवस्थापन प्रणाली वडाबाट नै संचालन गरी अझ लाभग्राहीमैत्री बनाईनेछ र बैंकिङ प्रणालीबाट भत्ता वितरण गर्दा आएका समस्याहरुलाई समाधानका लागि बैंकसँग सहकार्य गरीनेछ।